# महाभूकम्पका कारण निजी क्षेत्रका निर्माणाधीन आयोजनाहरुको RCOD थप गर्ने कार्यविधि, २०७२

नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रका जलविद्युत आयोजनाका प्रवर्द्धक बीच सम्पन्न भएको विद्युत खरीद बिक्री सम्झौतामा उल्लेखित काबु बाहिरको परिस्थिति (Force Majeure) सम्बन्धी दफा र सोका कारण RCOD संशोधन गर्न सकिने लगायत सोसित सम्बन्धित अन्य दफाको प्रयोगका सिलसिलामा वि.सं. २०७२ साल वैशाख १२ र २९ गते नेपालमा गएको विनाशकारी महाभूकम्पका कारण प्रभावित निजी क्षेत्रका निर्माणाधिन जलविद्युत आयोजनाहरुको परिप्रेक्ष्यमा RCOD थप गर्ने प्रक्रियालाई सरल, स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउन योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय अन्तर्गत विद्युत व्यापार विभागले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महाभूकम्पका कारण निजी क्षेत्रका निर्माणाधीन आयोजनाहरुको RCOD थप गर्ने कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी निर्देशकबाट स्वीकृत हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(१) "महाभूकम्प" भन्नाले वि.सं. २०७२ साल वैशाख १२ र २९ गते नेपालमा गएको विनाशकारी भूकम्प र उक्त पछिल्लो मितिले ३ महिनासम्म गएका भूकम्पीय पराकम्पनहरु सम्झनु पर्छ ।

(२) "आयोजना" भन्नाले ने.वि.प्रा. संग विद्युत खरीद बिक्री सम्झौता भएका निजी क्षेत्रका निर्माणाधिन जलविद्युत आयोजनालाई सम्झनु पर्छ ।

(३) "RCOD" भन्नाले विद्युत खरीद बिक्री सम्झौतामा उल्लेखित व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्झनु पर्छ ।

(४) "म्याद" भन्नाले प्रवर्द्धकले प्राधिकरणलाई महाभूकम्प सम्बन्धी लिखित सूचना दिनु पर्ने अवधिलाई सम्झनु पर्छ ।

(५) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) सम्झनु पर्छ ।

(६) "कार्यकारी निर्देशक" भन्नाले ने.वि.प्रा.का कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(७) "उपकार्यकारी निर्देशक" भन्नाले ने.वि.प्रा. अन्तर्गत योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालयका उपकार्यकारी निर्देशक सम्झनु पर्छ ।

(८) "प्रवर्द्धक" भन्नाले कुनै जलविद्युत आयोजनाको लागि ने.वि.प्रा.सँग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न गरी आयोजना निर्माण गरिरहेका वा गर्ने तयारीमा लागेका नेपाल सरकारबाट वैधानिक अनुमति पत्र प्राप्त संस्थालाई सम्झनु पर्छ ।

(९) "सम्झौता" भन्नाले प्राधिकरण र प्रवर्द्धक वीच सम्पन्न विद्युत खरीद बिक्री सम्झौता सम्झनु पर्छ ।

(१०) "विभाग" भन्नाले ने.वि.प्रा.को विद्युत व्यापार विभागलाई सम्झनु पर्छ ।

**३. RCOD थप सम्बन्धी व्यवस्था:** (१) कुनै प्रवर्द्धकले आफ्नो निर्माणाधिन आयोजनाका लागि महाभूकम्पका कारण आयोजना सम्वन्धि निर्माण कार्य प्रभावित भई RCOD विस्तार गर्न चाहेमा सिधै वा कार्यकारी निर्देशक मार्फत विभागमा आइपुग्ने गरी म्यादभित्र कावु वाहिरको परिस्थिति (Force Majeure) का रुपमा महाभूकम्प सम्वन्धी सूचना दिएको हुनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सूचना दिने प्रवर्द्धकको आयोजना गृह मंत्रालयद्वारा वर्गिकृत महाभूकम्प अति प्रभावित जिल्ला वा सामान्य प्रभावित जिल्ला कुन वर्गमा पर्ने हो विभागले छुट्याउनु पर्नेछ ।

(३) प्रवर्द्धकले महाभूकम्पका कारण आयोजनालाई असर पर्न गएको परिप्रेक्ष्यमा आफूले RCOD थप गर्न चाहेको जम्मा अवधी खोली विभागमा आइपुग्ने गरी निवेदन दिएको हुनु पर्ने वा दिनु पर्नेछ ।

(४) महाभूकम्पवाट अति प्रभावित १४ (चौध) जिल्ला (अनुसूची-१) भित्र अवस्थित आयोजना भएमा र महाभूकम्पका कारण १ (एक) वर्ष सम्म RCOD विस्तार माग गर्ने प्रवर्द्धकको हकमा गृह मंत्रालयद्वारा वर्गिकृत तथा राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको PDNA (Post Disaster Needs Assessment) प्रतिवेदनमा उल्लेखित अति प्रभावित जिल्ला वर्गिकरणलाई नै कावु वाहिरको परिस्थितिका कारण प्रवर्द्धकले पुरा गर्नु पर्ने काम वा दायित्व पुरा गर्न सम्भव नभएको वस्तुनिष्ठ प्रमाणका रुपमा लिई प्रवर्द्धकको माग वमोजिमकै अवधिलाई RCOD थप गर्नु पर्ने अवधिका रुपमा कायम गर्न अनुसूची-४ को फर्मेटमा विवरण भरी कार्यकारी निर्देशक समक्ष सिफारिश गर्नु पर्नेछ ।

(५) महाभूकम्पवाट प्रभावित ११ (एघार) जिल्ला (अनुसूची-२) भित्र अवस्थित आयोजना भएमा र महाभूकम्पका कारण ६ (छ) महिनासम्म RCOD विस्तार माग गर्ने प्रवर्द्धकको हकमा गृह मंत्रालयद्वारा वर्गिकृत तथा राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको PDNA (Post Disaster Needs Assessment) प्रतिवेदनमा उल्लेखित भूकम्प प्रभावित जिल्ला वर्गिकरणलाई नै कावु वाहिरको परिस्थितिका कारण प्रवर्द्धकले पुरा गर्नु पर्ने काम वा दायित्व पुरा गर्न सम्भव नभएको वस्तुनिष्ठ प्रमाणका रुपमा लिई प्रवर्द्धकको माग वमोजिमकै अवधिलाई RCOD थप गर्नु पर्ने अवधिका रुपमा कायम गर्न अनुसूची-४ को फर्मेटमा विवरण भरी कार्यकारी निर्देशक समक्ष सिफारिश गर्नु पर्नेछ ।

(६) अनुसूची–१ मा उल्लेखित भूकम्पवाट अति प्रभावित जिल्लामा अवस्थित तर १ (एक) वर्ष भन्दा बढी अवधिका लागि RCOD विस्तार माग गर्ने प्रवर्द्धकका हकमा प्रवर्द्धकवाट देहाय वमोजिमका कागजात विवरणहरु थप संलग्न गरी पेश गर्नु पर्नेछ :

(क) प्राधिकरणका तर्फबाट कम्तिमा १ (एक) जना ईन्जिनियरको उपस्थिति सहित तयार गरिएको महाभूकम्प प्रभावित आयोजनाको भौतिक क्षति विवरण तथा अनुमानित थप निर्माण अवधि सहितको स्थलगत मुचुल्का ।

(ख) साविक निर्माण तालिका प्रभावित भएको देखिने गरी आयोजनाका लागि तयार पारिएको नयाँ निर्माण तालिका (New Construction Schedule)।

(ग) महाभूकम्पले आयोजना प्रभावित भएको देखिने सान्दर्भिक फोटोहरु ।

(घ) राष्ट्रिय / स्थानीय अखबारमा प्रकाशित सान्दर्भिक समाचारमूलक सामाग्री ।

(७) अनुसूची–२ मा उल्लेखित भूकम्पबाट प्रभावित जिल्लामा अवस्थित तर ६ (छ) महिना भन्दा बढी अवधिका लागि RCOD विस्तार माग गर्ने वा अनुसूची-३ मा उल्लेखित महाभूकम्पबाट न्यून प्रभावित (Slightly affected) जिल्लामा अवस्थिति जतिसुकै अवधिका लागि RCOD विस्तार माग गर्ने प्रवर्द्धकका हकमा समेत प्रवर्द्धकबाट उपदफा (६) को खण्ड (क) देखि (घ) सम्म उल्लेख गरिएका कागजात विवरणहरु गरी पेश गर्नु पर्नेछ ।

(८) उपदफा (४) र (५) बाहेकको अन्य जुनसुकै अवस्थामा प्राधिकरणले उपलब्ध प्रमाण/कागजात विवरणहरुको अध्ययन/विश्लेषण गरी प्रवर्द्धकले माग गरे बमोजिमकै थप अवधि वा सो भन्दा कम अवधिका लागि RCOD थप गर्न सक्नेछ ।

(९) उपदफा (४) र (५) लगायत अन्य जुनसकै अवस्थामा RCOD थप गर्नु पर्दा सम्झौतामा उल्लेख भएको समन्वय समितिले म्याद थप गरिने अवधि स्पष्ट किटान गरी सिफारिश गर्नु पर्नेछ ।

(१०) समन्वय समितिले सिफारिस गरेको बढिमा ७ (सात) दिनभित्र कार्यकारी निर्देशक समक्ष विभागले RCOD थप गर्ने स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । सो पेश गर्दा आवश्यक कागजात विवरण सहित अनुसूची-४ को विवरण पनि साथै संलग्न गर्नु पर्नेछ ।

४. **सूचना/दरखास्त उपर जाँचबुझ:** (१) दफा ३ को उपदफा (४) र (५) मा उल्लेखित अवस्थामा बाहेक महाभूकम्पको कारण देखाइ प्रवर्द्धकबाट पेश हुन आएका सूचना/दरखास्त उपर विभागले सम्बन्धित महाशाखाका ईन्जिनियर (हरु) मार्फत जाँचबुझ गराउन सक्नेछ । दफा (३) को उपदफा (४) र (५) मा उल्लेखित अवस्थाको हकमा कार्यविधि स्वीकृत गर्ने अधिकारीले चाहेमा यस्तो जाँचबुझ गरिने छ ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझ हुँदा प्रवर्द्धकको माग झूठा ठहरे वा जायज नभएको पाइएमा RCOD थप गरिने छैन र सोही व्यहोराको जानकारी प्राधिकरणले प्रवर्द्धकलाई यथाशक्य चाँडो उपलब्ध गराउने छ ।

५. **सूचना/दरखास्त उपर कारवाही नहुने:** यस कार्यविधिको परिभाषा बमोजिमको म्यादभित्र दैविप्रकोपको रुपमा महाभूकम्पको सूचना दिइएको नपाइएमा म्याद नाघि प्राप्त हुने वा भएको त्यस्तो कुनै सूचना/दरखास्त उपर कारवाही अगाडि बढाइने छैन ।

६. **सम्झौता संशोधन गर्ने पक्रिया:** (१) यो कार्यविधि प्रारम्भ भए पश्चात दफा ३ को उपदफा (४) र (५) को अवस्थामा अनुसूची-४ मा सम्वन्धित सम्पूर्ण प्रवर्द्धकहरुलाई सम्भव भएसम्म एकमुष्ठ र अन्य अवस्थामा प्रवर्द्धकपिच्छे अलग अलग रुपमा समावेश गरी कार्यकारी निर्देशक समक्ष RCOD थप गर्ने स्वीकृतिका लागि पेश गरिने छ ।

(२) कार्यकारी निर्देशकवाट RCOD थप गर्ने प्रस्ताव स्वीकृत भए पश्चात विभागले सम्झौता संशोधन हेतु सम्वन्धित प्रवर्द्धकलाई सोको जानकारी गराउनुका साथै RCOD थपका लागि सम्झौता संशोधनको सम्पूर्ण तयारी पुरा गर्नेछ ।

(३) स्वीकृत अवधि बमोजिम सम्झौताको संशोधनमा कार्यकारी निर्देशकबाट अख्तियारी प्राप्त गरी प्राधिकारणका तर्फबाट उपकार्यकारी निर्देशकद्वारा हस्ताक्षर गरिने छ ।

७. **विविध:** यस कार्यविधि र सम्झौतामा उल्लेखित कुनै अन्तरवस्तु बाझिन गएमा बाझिएको हदसम्म सम्झौतामा उल्लेख भए बमोजिम नै गर्नुपर्नेछ ।

अनुसूची-१

नेपाल सरकार, गृह मंत्रालयद्वारा वर्गीकृत महाभूकम्प अति प्रभावित **(Severely hit & crisis hit)** १४ जिल्लाहरु:

१) गोरखा
२) रसुवा
३) धादिङ्ग
४) नुवाकोट
५) सिन्धुपाल्चोक
६) दोलखा
७) रामेछाप
८) ओखलढुङ्गा
९) सिन्धुली
१०) काभ्रेपलाञ्चोक
११) काठमाडौं
१२) ललितपुर
१३) भक्तपुर
१४) मकवानपुर

उक्त जिल्लाहरु देखाइएको नक्सा, **Figure 1,** संलग्न छ ।

अनुसूची-२

नेपाल सरकार, गृह मंत्रालयद्वारा वर्गिकृत महाभूकम्प प्रभावित **(Hit with heavy losses & hit)** ११ जिल्लाहरु:

१। तनहुँ
२। लमजुङ्ग
३। चितवन
४। खोटाङ्ग
५। सोलुखुम्वु
६। कास्की
७। पर्वत
८। स्याङ्गजा
९। गुल्मी
१०। पाल्पा
११। वाग्लुङ्ग

उक्त जिल्लाहरु देखाइएको नक्सा, **Figure 1,** संलग्न छ।

अनुसूची-३

नेपाल सरकार, गृह मंत्रालयद्वारा वर्गिकृत महाभूकम्प न्यून प्रभावित (Slightly affected) ६ जिल्लाहरु:

१) नवलपरासी
२) अर्घाखाँची
३) म्याग्दी
४) धनकुटा
५) भोजपुर
६) संखुवासभा


उक्त जिल्लाहरु देखाइएको नक्सा, Figure 1, संलग्न छ ।

अनुसूची-४

## RCOD थपको सिफारिश गर्दा भर्नु पर्ने फारमको नमुना

| क्र.सं. | प्रबर्द्धकको नाम | आयोजनाको नाम | आयोजनाको क्षमता | आयोजना अवस्थित जिल्ला | सम्झौतामा उल्लेखित RCOD | Force Majeure सम्बन्धी सूचना प्राप्त मिति | RCOD थपका लागि प्रबर्द्धकले माग गरेको अवधि | RCOD थपका लागि सिफारिश गरिएको अवधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## FIGURE 1: CATEGORIES OF EARTHQUAKE-AFFECTED DISTRICTS




*Source: GoN/MoHA as of 21 May 2015*

# नाकाबन्दीका कारण निजी क्षेत्रका निर्माणाधीन आयोजनाहरुको RCOD थप गर्ने कार्यविधि, २०७२

नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रका जलविद्युत आयोजनाका प्रबर्द्धक बीच सम्पन्न भएको विद्युत खरीद बिक्री सम्झौतामा उल्लेखित काबु बाहिरको परिस्थिति (Force Majeure) सम्बन्धी दफा र सोका कारण RCOD संशोधन गर्न सकिने लगायत सोसित सम्बन्धित अन्य दफाको प्रयोगका सिलसिलामा बि.सं. २०७२ साल असोज ७ देखि बि.सं. २०७२ साल माघ २५ गते सम्म (जम्मा १३८ दिन) भारतीय सीमामा रहेका भन्सार नाकाहरु अबरुद्ध भएका कारण प्रभावित हुन पुगेका निजी क्षेत्रका निर्माणाधिन जलविद्युत आयोजनाहरुको परिप्रेक्ष्यमा RCOD थप गर्ने प्रक्रियालाई सरल, स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउन योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय अन्तर्गत विद्युत व्यापार विभागले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " नाकाबन्दीका कारण निजी क्षेत्रका निर्माणाधीन आयोजनाहरुको RCOD थप गर्ने कार्यविधि, २०७२ " रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी निर्देशकबाट स्वीकृत हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(१) "नाकाबन्दी" भन्नाले वि.सं. २०७२ साल असोज ७ देखि वि.सं. २०७२ साल माघ २५ गते सम्म(जम्मा १३८ दिन) भारतीय सीमामा रहेका भन्सार नाकाहरु अबरुद्ध भई सिर्जना भएको काबु बाहिरको परिस्थितिलाई सम्झनु पर्छ ।

(२) "आयोजना" भन्नाले ने.वि.प्रा. संग विद्युत खरीद बिक्री सम्झौता भएका निजी क्षेत्रका निर्माणाधिन जलविद्युत आयोजनालाई सम्झनु पर्छ ।

(३) "RCOD" भन्नाले विद्युत खरीद बिक्री सम्झौतामा उल्लेखित व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्झनु पर्छ ।

(४) "म्याद" भन्नाले प्रबर्द्धकले प्राधिकरणलाई नाकाबन्दीका कारण सिर्जना भएको काबु बाहिरको परिस्थिति सम्बन्धी लिखित सूचना दिनु पर्ने अवधिलाई सम्झनु पर्छ । यस्तो अवधि यसै कार्यविधिको दफा २ को उपदफा (१) मा उल्लेखित अवधिलाई मानिने छ ।

(५) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) सम्झनु पर्छ ।

(६) "कार्यकारी निर्देशक" भन्नाले ने.वि.प्रा.का कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(७) "उपकार्यकारी निर्देशक" भन्नाले ने.वि.प्रा. अन्तर्गत योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालयका उपकार्यकारी निर्देशक सम्झनु पर्छ ।



नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD.1985

(८) "प्रबर्द्धक" भन्नाले कुनै जलविद्युत आयोजनाको लागि ने.वि.प्रा.सँग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न गरी आयोजना निर्माण गरिरहेका वा गर्ने तयारीमा लागेका नेपाल सरकारबाट वैधानिक अनुमति पत्र प्राप्त संस्थालाई सम्झनु पर्छ ।

(९) "सम्झौता" भन्नाले प्राधिकरण र प्रबर्द्धक बीच सम्पन्न विद्युत खरीद बिक्री सम्झौता सम्झनु पर्छ ।

(१०) "विभाग" भन्नाले ने.वि.प्रा.को विद्युत व्यापार विभागलाई सम्झनु पर्छ ।

**३. RCOD थप सम्बन्धी व्यवस्थाः**

(१) कुनै प्रबर्द्धकले आफ्नो निर्माणाधिन आयोजनाका लागि नाकाबन्दीका कारण आयोजना सम्बन्धि निर्माण कार्य प्रभावित भई RCOD बिस्तार गर्न चाहेमा सिधै वा कार्यकारी निर्देशक मार्फत विभागमा आइपुग्ने गरी म्यादभित्र काबु बाहिरको परिस्थिति (Force Majeure) का रुपमा नाका बन्दी सम्बन्धी सूचना दिएको हुनुपर्नेछ ।

(२) कुनै प्रबर्द्धकले आफ्नो निर्माणाधिन आयोजनाका लागि महाभुकम्पकाका कारण आयोजना सम्बन्धि निर्माण कार्य प्रभावित भई RCOD बिस्तार गरिसकेको भएमा सो समयावधी नदोहोरिने गरी नाकबन्दीका कारण RCOD बिस्तार गरिने छ ।

(३) प्रबर्द्धकले नाकाबन्दीबाट कारण आयोजनालाई असर पर्न गएको परिप्रेक्ष्यमा आफूले RCOD थप गर्न चाहेको जम्मा अवधी खोली विभागमा आइपुग्ने गरी निवेदन दिएको हुनु पर्ने वा दिनु पर्नेछ ।

(४) नाकाबन्दीबाट आयोजना प्रभावित भई RCOD बिस्तार माग गर्ने प्रबर्द्धकको हकमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट मिति २०७२।०६।०६ मा जारी गरेको नाकाबन्दी लगायत आन्दोलनका विभिन्न कार्यक्रम उल्लेख गरिएको प्रेस विज्ञप्ति तथा मिति २०७२।१०।२५ मा जारी गरिएको आन्दोलनका घोषित कार्यक्रमहरु मध्य नाका अबरोध तत्कालका लागि स्थगित गरिएको व्यहोरा सहितको प्रेस विज्ञप्तिलाई वस्तुनिष्ठ आधारका रुपमा लिई सो अवधि बमोजिम हुन आउने १३८ दिन लाई RCOD थप गर्नु सकिने अधिकतम अवधिका रुपमा कायम गर्न अनुसूची-१ को फर्मेटमा विवरण भरी कार्यकारी निर्देशक समक्ष सिफारिश गर्नु पर्नेछ ।

(५) RCOD बिस्तार माग गर्ने प्रबर्द्धकका हकमा नाकाबन्दीले आफ्नो आयोजना प्रभावित भएको पुष्ट्याईंका रुपमा प्रबर्द्धकबाट देहाय बमोजिमका कागजात विवरणहरु संलग्न गरी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ :

(क) निजी क्षेत्रका जलविद्युत आयोजनाका प्रबर्द्धकहरुको छाता संगठनका रुपमा रहेको स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) बाट नाकाबन्दीले आयोजना प्रभावित भएको समयावधी स्पष्ट किटान हुने गरी सोको औचित्य समेत खुलाई प्राधिरणको नाममा जारी गरिएको सिफारीस पत्र ।

(ख) आयोजनाका लागि तयार पारिएको नयाँ निर्माण तालिका (New Construction Schedule) ।

(५) प्राधिकरणले प्रबर्द्धकद्धारा उपलब्ध गराइएको प्रमाण, कागजात विवरणहरुको अध्ययन, विश्लेषण गरी प्रबर्द्धकको माग एवं IPPAN द्वारा गरिएको सिफारिस समेतका आधारमा यसै कार्यविधिको दफा २ अन्तर्गत उपदफा (१) मा उल्लेखित नाकाबन्दीको अधिकतम वा सो भन्दा कम अवधिका लागि RCOD थप गर्न सक्नेछ ।

(६) RCOD थप गर्नु पर्दा सम्झौतामा उल्लेख भएको समन्वय समितिले म्याद थप गरिने अवधि स्पष्ट किटान गरी सिफारिश गर्नु पर्नेछ ।

(७) समन्वय समितिले सिफारिस गरेको बढिमा ७ (सात) दिनभित्र कार्यकारी निर्देशक समक्ष विभागले RCOD थप गर्ने स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । सो पेश गर्दा आवश्यक कागजात विवरण सहित अनुसूची-१ को विवरण पनि साथै संलग्न गर्नु पर्नेछ ।

४. **सूचना/दरखास्त उपर कारवाही नहुने:**

यस कार्यविधिको परिभाषा बमोजिमको म्याद (मिति २०७२।०६।०७ देखि २०७२।१०।२५ सम्म) भित्र काबु बाहिरको परिस्थितिको रुपमा नाकाबन्दीको सूचना दिइएको नपाइएमा म्याद नाघि प्राप्त हुने वा भएको त्यस्तो कुनै सूचना/दरखास्त उपर कारवाही अगाडि बढाइने छैन ।

५. **सम्झौता संशोधन गर्ने प्रक्रिया:**

(१) यो कार्यविधि प्रारम्भ भए पश्चात अनुसूची-१ मा सम्बन्धित सम्पूर्ण प्रबर्द्धकहरुलाई सम्भव भएसम्म एकमुष्ठ समावेश गरी कार्यकारी निर्देशक समक्ष RCOD थप गर्ने स्वीकृतिका लागि पेश गरिने छ ।

(२) कार्यकारी निर्देशकबाट RCOD थप गर्ने प्रस्ताव स्वीकृत भए पश्चात विभागले सम्झौता संशोधन हेतु सम्बन्धित प्रबर्द्धकलाई सोको जानकारी गराउनुका साथै RCOD थपका लागि सम्झौता संशोधनको सम्पूर्ण तयारी पुरा गर्नेछ ।

(३) स्वीकृत अवधि बमोजिम सम्झौताको संशोधनमा कार्यकारी निर्देशकबाट अख्तियारी प्राप्त गरी प्राधिकारणका तर्फबाट उपकार्यकारी निर्देशकद्वारा हस्ताक्षर गरिने छ ।

६. **विविध:** यस कार्यविधि र सम्झौतामा उल्लेखित कुनै अन्तरवस्तु बाझिन गएमा बाझिएको हदसम्म सम्झौतामा उल्लेख भए बमोजिम नै गर्नुपर्नेछ ।

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD.1985

अनुसूची-१

**RCOD थपको सिफारिश गर्दा भर्नु पर्ने फारमको नमुना**

| क.सं. | प्रबर्द्धकको नाम | आयोजनाको नाम | आयोजनाको क्षमता | आयोजना अवस्थित जिल्ला | सम्झौतामा उल्लेखित **RCOD** | **Force Majeure** सम्बन्धी सूचना प्राप्त मिति | **RCOD** थपका लागि प्रबर्द्धकले माग गरी **IPPAN** द्वारा सिफारीस गरीएको अवधि | **RCOD** थपका लागि सिफारिश गरिएको अवधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD.1985